# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

# प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत

## सहायकस्तर पाँचौ तहका (अप्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ०१/२०७९/०८०** **प्रकाशन मिति: २०७९/०५।२४ गते**

## बढुवाद्वारा पदपूर्ति हुने पदसंख्या सम्बन्धी सूचना

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम लुम्बिनी प्रदेश सरकार र लुम्बिनी प्रदेशका विभिन्न स्थानीय तहहरुमा रिक्त रहेका पदहरुको पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तहका (अप्रावधिक) पदहरुमध्ये प्रचलित कानून बमोजिम प्रतिशत निर्धारण गरी कायम भएका देहाय बमोजिमका पदहरु सुरक्षित राखिएका छन् । बढुवा तर्फका पदहरुको पदपूर्ति प्रदेश निजामती सेवा र स्थानीय तहको सेवा सम्बन्धी कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रदेश निजामती सेवा तर्फ सहायक पाँचौं तहका विभिन्न पदहरु**

| क्र.सं. | पद | सेवा, समूह | जेष्ठता तथा कार्यसम्पादन | कार्यक्षमता मूल्यांकन |
|---|---|---|---|---|
| १ | सहायक | प्रशासन/सामान्य प्रशासन | ७ | ३ |
| २ | लेखा सहायक | प्रशासन/लेखा | ६ | ३ |
| ३ | सहायक | प्रशासन/राजश्व | १ | १ |
| **जम्मा** | | | **१४** | **७** |

**स्थानीय तहको सहायकस्तर पाँचौ तहका पदहरु**

**क) सेवा - प्रशासन, समूह - आ.ले.प, पद - आ.ले.प. सहायक**

| क्र.सं. | जिल्ला | माग गर्ने स्थानीय तह | जेष्ठता तथा कार्यसम्पादन | कार्यक्षमता मूल्यांकन |
|---|---|---|---|---|
| १ | गुल्मी | धुर्कोट गाउँपालिका | १ | - |
| २ | रोल्पा | थवाङ गाउँपालिका | १ | - |
| **जम्मा** | | | **२** | **०** |

**ख) सेवा - प्रशासन, समूह - लेखा, पद - लेखा सहायक**

| क्र.सं. | जिल्ला | माग गर्ने स्थानीय तह | जेष्ठता तथा कार्यसम्पादन | कार्यक्षमता मूल्यांकन |
|---|---|---|---|---|
| १ | गुल्मी | धुर्कोट गाउँपालिका | १ | - |
| २ | दाङ | घोराही उपमहानगरपालिका | ६ | ३ |
| ३ | पाल्पा | रैनादेवी छहरा गाउँपालिका | १ | - |
| ४ | प्युठान | सरुमारानी गाउँपालिका | १ | - |
| **जम्मा** | | | **९** | **३** |

ग) सेवा - प्रशासन, समूह - सामान्य प्रशासन, पद - सहायक

| क्र.सं. | जिल्ला | माग गर्ने स्थानीय तह | जेष्ठता तथा कार्यसम्पादन | कार्यक्षमता मूल्यांकन |
|---|---|---|---|---|
| १ | अर्घाखाँची | छत्रदेव गाउँपालिका | २ | १ |
| २ | अर्घाखाँची | भूमिकास्थान नगरपालिका | १ | - |
| ३ | अर्घाखाँची | मालारानी गाउँपालिका | - | १ |
| ४ | अर्घाखाँची | शितगंगा नगरपालिका | १ | - |
| ५ | गुल्मी | कालिगण्डकी गाउँपालिका | १ | १ |
| ६ | गुल्मी | गुल्मीदरवार गाउँपालिका | १ | - |
| ७ | गुल्मी | चन्द्रकोट गाउँपालिका | १ | १ |
| ८ | गुल्मी | छत्रकोट गाउँपालिका | १ | १ |
| ९ | गुल्मी | धुर्कोट गाउँपालिका | २ | १ |
| १० | गुल्मी | मालिका गाउँपालिका | २ | १ |
| ११ | गुल्मी | मुसिकोट नगरपालिका | ३ | १ |
| १२ | गुल्मी | सत्यवती गाउँपालिका | १ | १ |
| १३ | दाङ | गढवा गाउँपालिका | ४ | २ |
| १४ | दाङ | घोराही उपमहानगरपालिका | ३ | २ |
| १५ | दाङ | राजपुर गाउँपालिका | २ | १ |
| १६ | दाङ | लमही नगरपालिका | १ | १ |
| १७ | नवलपरासी | प्रतापपुर गाउँपालिका | १ | १ |
| १९ | नवलपरासी | रामग्राम नगरपालिका | २ | १ |
| २१ | पाल्पा | तानसेन नगरपालिका | १ | - |
| २२ | पाल्पा | निस्दी गाउँपालिका | २ | १ |
| २३ | पाल्पा | पूर्वखोला गाउँपालिका | १ | - |
| २४ | पाल्पा | बगनासकाली गाउँपालिका | १ | - |
| २५ | पाल्पा | माथागढी गाउँपालिका | २ | १ |
| २६ | पाल्पा | रम्भा गाउँपालिका | २ | १ |
| २७ | पाल्पा | रामपुर नगरपालिका | ३ | १ |
| २९ | पाल्पा | रैनादेवी छहरा गाउँपालिका | १ | १ |
| ३० | प्यूठान | गौमुखी गाउँपालिका | ३ | १ |
| ३१ | बर्दिया | ठाकुरबाबा नगरपालिका | १ | १ |
| ३२ | बर्दिया | बढैयाताल गाउँपालिका | १ | - |
| ३३ | बर्दिया | बारबर्दिया नगरपालिका | २ | १ |
| ३४ | बर्दिया | मधुवन नगरपालिका | 2 | १ |
| ३५ | रुकुम पूर्व | पुथा उत्तरगंगा गाउँपालिका | ४ | २ |
| ३६ | रुकुम पूर्व | भूमे गाउँपालिका | २ | १ |
| ३७ | रुपन्देही | कोटहीमाई गाउँपालिका | २ | १ |
| ३८ | रुपन्देही | लुम्बिनी साँस्कृतिक नगरपालिका | २ | १ |
| ३९ | रुपन्देही | सम्मरिमाई गाउँपालिका | १ | - |
| ४० | रोल्पा | त्रिवेणी गाउँपालिका | १ | १ |
| ४१ | रोल्पा | थवाङ गाउँपालिका | २ | १ |
| ४३ | रोल्पा | सुनछहरी गाउँपालिका | १ | - |
| ४४ | रोल्पा | सुनिलस्मृति गाउँपालिका | २ | - |
| **जम्मा** | | | **६८** | **३३** |

# खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम लुम्बिनी प्रदेश सरकार अन्तर्गत रिक्त रहेका पदहरुको पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशबाट माग भए बमोजिमका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (Online) दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np बाट Online दरखास्त दिनुपर्नेछ।

**सूचना नं. ०२/२०७९/०८०** **प्रकाशन मिति: २०७९/०५।२४ गते**

**(क) प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवा (अप्राविधिक) पाँचौ तहका पदहरु**

| क्र.स. | विज्ञापन नं. | विज्ञापनको किसिम | सेवा | समूह | पुन: विज्ञापित संख्या | जम्मा मागपद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ADM ५०००१/०७९-८० | खुला | प्रशासन | राजश्व | - | १ |
| | | | | लेखा | - | ४ |
| | | | | सामान्य प्रशासन | - | ४ |
| २ | ADM ५०००२/०७९-८० | महिला | प्रशासन | लेखा | - | १ |
| | | | | सामान्य प्रशासन | - | १ |
| ३ | ADM ५०००३/०७९-८० | आ.ज. | प्रशासन | लेखा | - | १ |
| | | | | सामान्य प्रशासन | - | १ |
| ४ | ADM ५०००४/०७९-८० | मधेसी | प्रशासन | लेखा | - | १ |
| | | | | सामान्य प्रशासन | १ | १ |
| ५ | ADM ५०००५/०७९-८० | दलित | प्रशासन | सामान्य प्रशासन | - | १ |
| **जम्मा** | | | | | | **१६** |

**सूचना नं. ०३/२०७९/०८०** **प्रकाशन मिति: २०७९/०५।२४ गते**

**(ख) स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवा (अप्राविधिक) सहायक पाँचौ तहका पदहरु**

विज्ञापित पदहरुको संक्षिप्त विवरण:

| क्र.स. | विज्ञापन नं. | विज्ञापनको किसिम | सेवा | समूह | मागपद संख्या |
|---|---|---|---|---|---|
| १ | ADM ५०००६/०७९-८० | खुला | न्याय | क) कानून | ६ |
| | | | प्रशासन | ख) आ.ले.प. | ५ |
| | | | | ग) लेखा | ४ |
| | | | | घ) सामान्य प्रशासन | ३८ |
| २ | ADM ५०००७/०७९-८० | महिला | प्रशासन | क) लेखा | १ |
| | | | | ख) सामान्य प्रशासन | १३ |
| ३ | ADM ५०००८/०७९-८० | आ.ज. | प्रशासन | क) लेखा | १ |
| | | | | ख) सामान्य प्रशासन | २० |
| ४ | ADM ५०००९/०७९-८० | मधेसी | प्रशासन | क) लेखा | १ |
| | | | | ख) सामान्य प्रशासन | २ |
| **जम्मा** | | | | | **९१** |

## विज्ञापित पदहरुको स्थानीय तह अनुसार विस्तृत विवरण

| क्र.सं. | विज्ञापन नं. | माग पद विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | क्र.स. | सेवा/समूह | जिल्ला | माग गर्ने स्थानीय तह | किसिम | माग पद | जम्मा पद |
| १ | ADM ५०००६/०७९-८० | क) | न्याय/कानून | अर्घाखाँची | मालारानी गाउँपालिका | | १ | ६ |
| | | | | दाङ | गढवा गाउँपालिका | | १ | |
| | | | | दाङ | घोराही उपमहानगरपालिका | | १ | |
| | | | | रुपन्देही | कोटहीमाई गाउँपालिका | | १ | |
| | | | | रुपन्देही | सम्मरिमाई गाउँपालिका | | १ | |
| | | | | रोल्पा | सुनिलस्मृति गाउँपालिका | | १ | |
| | | ख) | प्रशासन/आ.ले.प. | पाल्पा | बगनासकाली गाउँपालिका | | १ | ५ |
| | | | | पाल्पा | रम्भा गाउँपालिका | | १ | |
| | | | | प्यूठान | गौमुखी गाउँपालिका | | १ | |
| | | | | बर्दिया | बढैयाताल गाउँपालिका | | १ | |
| | | | | रुपन्देही | कोटहीमाई गाउँपालिका | | १ | |
| | | ग) | प्रशासन/लेखा | दाङ | घोराही उपमहानगरपालिका | | ३ | ४ |
| | | | | बर्दिया | मधुवन नगरपालिका | | १ | |
| | | घ) | प्रशासन/सा.प्र. | अर्घाखाँची | छत्रदेव गाउँपालिका | | १ | ३८ |
| | | | | अर्घाखाँची | भूमिकास्थान नगरपालिका | | १ | |
| | | | | गुल्मी | चन्द्रकोट गाउँपालिका | | १ | |
| | | | | गुल्मी | धुर्कोट गाउँपालिका | | १ | |
| | | | | गुल्मी | मालिका गाउँपालिका | | १ | |
| | | | | गुल्मी | सत्यवती गाउँपालिका | | १ | |
| | | | | गुल्मी | मुसिकोट नगरपालिका | | २ | |
| | | | | दाङ | गढवा गाउँपालिका | | १ | |
| | | | | दाङ | घोराही उपमहानगरपालिका | | २ | |
| | | | | दाङ | राजपुर गाउँपालिका | खुला | १ | |
| | | | | दाङ | लमही नगरपालिका | | १ | |
| | | | | नवलपरासी | प्रतापपुर गाउँपालिका | | १ | |
| | | | | नवलपरासी | बर्दघाट नगरपालिका | | १ | |
| | | | | नवलपरासी | रामग्राम नगरपालिका | | १ | |
| | | | | नवलपरासी | सरावल गाउँपालिका | | १ | |
| | | | | पाल्पा | तानसेन नगरपालिका | | १ | |
| | | | | पाल्पा | निस्दी गाउँपालिका | | १ | |
| | | | | पाल्पा | रामपुर नगरपालिका | | १ | |
| | | | | पाल्पा | रिब्दीकोट गाउँपालिका | | १ | |
| | | | | पाल्पा | रैनादेवी छहरा गाउँपालिका | | १ | |
| | | | | पाल्पा | माथागढी गाउँपालिका | | २ | |
| | | | | पाल्पा | रम्भा गाउँपालिका | | २ | |
| | | | | प्यूठान | गौमुखी गाउँपालिका | | २ | |
| | | | | बर्दिया | बारबर्दिया नगरपालिका | | १ | |
| | | | | बर्दिया | मधुवन नगरपालिका | | १ | |
| | | | | रुकुम पूर्व | भूमे गाउँपालिका | | १ | |
| | | | | रुकुम पूर्व | पुथा उत्तरगंगा गाउँपालिका | | २ | |
| | | | | रुपन्देही | कोटहीमाई गाउँपालिका | | १ | |
| | | | | रुपन्देही | लुम्बिनी साँस्कृतिक नगरपालिका | | १ | |
| | | | | रुपन्देही | सम्मरिमाई गाउँपालिका | | १ | |
| | | | | रोल्पा | त्रिवेणी गाउँपालिका | | १ | |
| | | | | रोल्पा | सुनिलस्मृति गाउँपालिका | | १ | |
| जम्मा | | | | | | | | ५३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ADM ५०००७/०७९-८० | क) | प्रशासन/लेखा | दाङ | घोराही उपमहानगरपालिका | महिला | १ | १ |
| | | ख) | प्रशासन/सा.प्र. | गुल्मी | मालिका गाउँपालिका | | १ | १३ |
| | | | | गुल्मी | मुसिकोट नगरपालिका | | १ | |
| | | | | गुल्मी | गुल्मीदरवार गाउँपालिका | | १ | |
| | | | | दाङ | घोराही उपमहानगरपालिका | | १ | |
| | | | | पाल्पा | माथागढी गाउँपालिका | | १ | |
| | | | | पाल्पा | रम्भा गाउँपालिका | | १ | |
| | | | | प्यूठान | गौमुखी गाउँपालिका | | १ | |
| | | | | बर्दिया | मधुवन नगरपालिका | | १ | |
| | | | | रुकुम पूर्व | पुथा उत्तरगंगा गाउँपालिका | | १ | |
| | | | | रुपन्देही | कोटहीमाई गाउँपालिका | | १ | |
| | | | | रुपन्देही | लुम्बिनी साँस्कृतिक नगरपालिका | | १ | |
| | | | | रुपन्देही | सम्मरिमाई गाउँपालिका | | १ | |
| | | | | रोल्पा | सुनिलस्मृति गाउँपालिका | | १ | |
| जम्मा | | | | | | | | **१४** |
| ३ | ADM ५०००८/०७९-८० | क) | प्रशासन/लेखा | दाङ | घोराही उपमहानगरपालिका | आ.ज. | १ | १ |
| | | ख) | प्रशासन/सा.प्र. | अर्घाखाँची | छत्रदेव गाउँपालिका | | १ | २० |
| | | | | अर्घाखाँची | भूमिकास्थान नगरपालिका | | १ | |
| | | | | अर्घाखाँची | शितगंगा नगरपालिका | | १ | |
| | | | | गुल्मी | चन्द्रकोट गाउँपालिका | | १ | |
| | | | | गुल्मी | धुर्कोट गाउँपालिका | | १ | |
| | | | | गुल्मी | छत्रकोट गाउँपालिका | | १ | |
| | | | | दाङ | गढवा गाउँपालिका | | १ | |
| | | | | दाङ | घोराही उपमहानगरपालिका | | १ | |
| | | | | दाङ | राजपुर गाउँपालिका | | १ | |
| | | | | दाङ | लमही नगरपालिका | | १ | |
| | | | | नवलपरासी | प्रतापपुर गाउँपालिका | | १ | |
| | | | | नवलपरासी | रामग्राम नगरपालिका | | १ | |
| | | | | पाल्पा | निस्दी गाउँपालिका | | १ | |
| | | | | पाल्पा | रैनादेवी छहरा गाउँपालिका | | १ | |
| | | | | बर्दिया | बारबर्दिया नगरपालिका | | १ | |
| | | | | बर्दिया | ठाकुरबाबा नगरपालिका | | १ | |
| | | | | रुकुम पूर्व | भूमे गाउँपालिका | | १ | |
| | | | | रुकुम पूर्व | पुथा उत्तरगंगा गाउँपालिका | | १ | |
| | | | | रोल्पा | थवाङ गाउँपालिका | | १ | |
| | | | | रोल्पा | रोल्पा नगरपालिका | | १ | |
| जम्मा | | | | | | | | **२१** |
| ४ | ADM ५०००९/०७९-८० | क) | प्रशासन/लेखा | दाङ | घोराही उपमहानगरपालिका | मधेसी | १ | १ |
| | | ख) | प्रशासन/सा.प्र. | दाङ | गढवा गाउँपालिका | | १ | २ |
| | | | | पाल्पा | रामपुर नगरपालिका | | १ | |
| जम्मा | | | | | | | | **३** |

**परीक्षाको कार्यतालिका:**

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, तह | परीक्षा मिति र समय | |
|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय/तृतीय पत्र |
| १ | ADM ५०००१-५०००५/०७९-८० | सहायक, प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवाका पदहरु, पाँचौ | २०७९।०७।१७ गते वेलुका ४:३० बजे | प्रथम पत्रको नतिजा प्रकाशनका समयमा जानकारी गराइनेछ। |
| २ | ADM ५०००६-५०००९/०७९-८० | सहायक, स्थानीय सरकारी सेवा अन्तर्गत प्रशासन सेवाका पदहरु, पाँचौ | २०७९।०७।१९ गते दिनको २:०० बजे | |

**परीक्षाको किसिम:-** लिखित परीक्षा, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता।

**परीक्षा केन्द्र:-** बुटवल।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेवसाइटमा राखिएको User Manual मा छ। उम्मेदवारहरुले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नु पर्नेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु. ५००।- (पाँचसय) बुझाउनु पर्नेछ। थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि रु. २५०।– (दुईसय पचास) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवारहरुले तोकिएका Wallet हरुमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ। Offline Payment गर्ने उम्मेदवारहरुले तोकिएका वैंकहरुमध्ये कुनै एक वैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित वैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइसक्नु पर्नेछ। यस सम्बन्धी बिस्तृत विवरण वेवसाइटमा राखिएको User Manual मा छ।

**दरखास्त दिने अन्तिम मिति:-** २०७९।०६।१३ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७९।०६।२३ गतेसम्म।

**उम्मेदवारको उमेरको हद:**– २०७९।०६।१३ सम्म १८ वर्ष उमेर पूरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।

**पेश गर्नुपर्ने कागजातहरु:** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरु जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा समावेशी विवरण खुल्ने कागजातहरु सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रदेश/स्थानीय सरकारले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** सेवा, शर्त र सुविधा प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित स्थानीय तह।

**आवश्यक न्यूनतम योग्यताः**

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

१) नेपाल न्याय सेवा, कानून समूहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

२) नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

३) नेपाल प्रशासन सेवा, लेखा समूहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा बाणिज्यशास्त्र वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

४) नेपाल प्रशासन सेवा, आ.ले.प. समूहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा बाणिज्यशास्त्र वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

५) नेपाल प्रशासन सेवा, राजश्व समूहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा बाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

**नोटः** ग्रेडिङ प्रणाली लागू भए पश्चात् प्रवीणता प्रमाण पत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा CGPA1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ।

(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्य**

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ग) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुनेछैन।

(घ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। प्रथम पत्रको परीक्षाको उत्तरपुस्तिका OMR प्रविधिको हुनेछ।

(ङ) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(च) स्थानीय तहको विज्ञापनमा दरखास्त दिई लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन। सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको स्थानीय तहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ।

(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(ज) लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.p5.gov.np/course/ तथा https://drive.google.com/file/d/1JoGn6FoNzSyjRwe29NyPkeo8WAnA9s9q/view?usp=sharing बाट प्राप्त गर्न सकिने छ ।

(ञ) कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा आयोगले तयार गरेको स्वास्थ्य सम्वन्धी मापदण्ड अपनाइने छ ।

(ट) पहिलो पटक विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

(ठ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**सम्पर्क: ०७१-५४१०६२, ५४१४८४, email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**